दर्ता २४३
२०७९/५/२८

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

जनशक्ति योजना तथा विकास शाखा

फोन ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७९/०८०

चलानी नं.:- ९५२

मिति: २०७९/०५/२६

श्री सबै निकाय ।

विषय:-JDS (2023) छात्रवृत्ति सम्बन्धमा ।

तपसिल अनुसारको अध्ययन/तालिम कार्यक्रमको सम्बन्धमा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०७९/०५/२६ मा बसेको ३५३ औं बैठकबाट तपसिल बमोजिमको निर्णय भएको हुँदा उक्त कार्यक्रममा तँहा निकाय वा अन्तर्गतमा कार्यरत उपयुक्त कर्मचारी मनोनयन गरी मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना आवश्यक कार्यार्थको अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, छात्रवृत्ति मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणी भित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबैभन्दा बढी समय काम गरेका आधारमा कर्मचारीहरूलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिल:

| क.सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | अवधि/Deadline | अवसर प्रदान गर्ने मुलुक | छात्रवृत्ति वितरण गर्न प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| 1. | "The Project for Human Resource Development Scholarship" PhD Program | 2 | Academic Year 2023/24 / 18 November, 2022 | Japan/JDS | सबै निकायलाई खुला गर्ने । |
| 2. | "The Project for Human Resource Development Scholarship" Master's Program | 20 | Academic Year 2023/24 / 29 September, 2022 | Japan/JDS | |

नोट:- *आवश्यक योग्यता वा अन्य प्रासंगिक विषयको सम्बन्धमा अर्थ मन्त्रालयको च.नं. २०५, मिति २०७९/०५/०७ को पत्रसाथ प्राप्त कागजात देहाएको Link मा राखिएको छ ।*

देहाय:-

https://mofaga.gov.np/news-notice/2775

२०७९/०५/२६

(सागर के.सी.)

(शाखा अधिकृत)